# कर्पोरेट डेभेलपमेन्ट बैंक लिमिटेडको
# मिति २०८२ साल फाल्गुन १० गते आइतबारका दिन सम्पन्न भएको
# अठाह्रौ वार्षिक साधारण सभाको निर्णय पुस्तिका

प्रधान कार्यालय, गीतामंदिर रोड, वीरगञ्ज, पर्सा

CS CamScanner

**कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड**
**प्रधान कार्यालय, गीतामंदिर रोड, वीरगञ्जको**
**अठाह्रौ वार्षिक साधारण सभाको निर्णय पुस्तिका**

कर्पोरेट डेभेलपमेन्ट बैंक लिमिटेडको अठाह्रौ वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री डा जैनुद्दीन असारी ज्यूको अध्यक्षतामा देहाए बमोजिम गरी सम्पन्न भयो ।

**१. सभा बस्ने मिति , समय र स्थान: :**

**सभा बस्ने मिति , समय र स्थान**
मिति: २०८२ साल फाल्गुन १० गते आइतवार (फेब्रुअरी २२, २०२६)
समय: बिहान ८ : ०० बजे ।
स्थान: बैंकको प्रधान कार्यालय, गीतामंदिर रोड, वीरगञ्ज, पर्सा ।

**२. साधारण सभाको सुचना तथा प्रकाशन :**

कम्पनि ऐन २०६३ को दफा ६७ को उपदफा २ को बमोजिम कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को अठाह्रौ वार्षिक साधारण सभाको सुचना र सो सभामा छलफल हुने विषयहरु सहितको विवरण खुलाई मिति २०८२/१०/१८ र मिति २०८२/१०/२९ गते को कारोबार राष्ट्रिय दैनिक पत्रिका मार्फत सेयर धनि महानुभावहरुको उपसिथतिको लागी सुचना प्रकासित गरिनुको साथै संचालक समितिको अठाह्रौं वार्षिक साधारण सभामा प्रस्तुत गरिने वार्षिक प्रतिवेदन सहित आ.व. २०८१/०८२ को वासलात तथा नाफा नोक्सान सहितको नगद प्रवाह विवरण र अन्य दस्तावेजहरु मुद्रित पुस्तिकाको रुपमा शेयरधनिहरुका ठेगानामा यथा समयमा पठाइएको थियो ।

**३. सभाको विषय सुची :**

**छलफल तथा निर्णयका लागि प्रस्तावित विषय सूची:**

**(क) सामान्य प्रस्तावहरु**

१) अध्यक्षज्यूको प्रतिवेदन सहित प्रस्तुत आ.ब.२०८१/०८२ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८१/०८२ को आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
३) बैंकको आर्थिक वर्ष २०८२/०८३ को लागि बैंकको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव**

१) कर्पोरेट डेभलपमेण्ट बैंक र अन्य बैंक वा बित्तीय संस्थाहरुसंग एक आपसमा गाम्ने, गाभिने वा प्राप्ति सम्बन्धमा ।
२) यस बैंकको हाल कायम रहेको जारी पूंजीको ७० प्रतिशत संस्थापक शेयरधनी समुहको र ३० प्रतिशत सर्वसाधारण शेयरधनीको स्वामित्व रहेकोमा संस्थापक शेयरधनीको पूंजीको संरचना परिवर्तन गरी संस्थापक समुहको शेयर स्वामित्व ६० प्रतिशत र सर्वसाधारण समुहको ४० प्रतिशत हुने गरी नेपाल राष्ट्र बैंकको

मिति २०८१ ०१ ०७ गतेको पूर्व स्वीकृति बमोजिम बैंकको प्रबन्धपत्रको दफा ५ ३ (१) र (२) मा संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

३. सञ्चालकहरुको बैठक भत्ता तथा सञ्चार सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको दफा २९ ख मा संशोधन गरी स्वीकृत गर्ने सम्बन्धमा ।

४. यस बैंकको प्रबन्धपत्र र नियमावलीमा गरिने संशोधनमा नियमकारी निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जनको लागि निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्नका लागि संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सम्बन्धमा ।

ग. विविध ।

१. साधारण सभाको निर्णय प्रमाणित गर्न अख्तियारी प्रदान गर्ने ।

४. **सभामा उपस्थिति :**

क. संचालकहरुको उपस्थिति:

१. अध्यक्ष श्री डा. जैनुद्दीन अंसारी
२. संचालक श्री विनोद कुमार खण्डेलवाल
३. संचालक श्री म. बसरुद्दीन अंसारी
४. संचालक श्री पवन कुमार तुलस्यान
५. संचालक श्री नासीरुद्दीन अंसारी
६. संचालक श्रीमती प्रीति श्रीवास्तव
७. संचालक श्री कृष्ण थापा

ख. शेयरधनीहरुको उपस्थिति:

(१) स्वयं उपस्थिति : ५३
(२) प्रतिनिधि मार्फत: ७
कूल उपस्थिति: ६०

५. **गणपूरक संख्या :**

| कुल | | उपस्थिति | | सेयरधनिको प्रतिनिधित्वप्रतिशत |
|---|---|---|---|---|
| शेयरधनीको जम्मा संख्या | शेयर संख्या | शेयरधनी | शेयर संख्या | |
| ५८२६ | ५२५०००० | ६० | ३८७९०३९ | ७३.८९ |

६. **सभाको वैधानिकता:**

सभा संचालनका लागि कम्पनि ऐन २०६३ को दफा ७३ को उप दफा (२) बमोजिम तथा कम्पनीको नियमावली बमोजिम कूल शेयरको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर धनीहरु मध्ये तीन जना शेयर धनीहरु स्वयं वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित हुनु पर्ने प्रावधान अनुसार कम्पनिको १८ औं वार्षिक साधारण सभामा कुल शेयर संख्या मध्ये ७३.८९ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने ५३ जना शेयर धनीहरु स्वयं सभामा उपस्थित भएको र ७ जना प्रतिनिधिमार्फत उपस्थित भई कम्पनि ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम वार्षिक साधारण सभा सचालन गर्नका लागि गणपूरक संख्या पुगी सभा संचालन गर्न वैधानिक रहेको कुरा कम्पनी सचिव श्री उदय कुमार कामतीले सभालाई जानकारी गराउनु भयो । साथै कम्पनि सचिवले संचालक समितिका अध्यक्ष श्री डा. जैनुद्दीन अंसारी ज्यूलाई यस १८ औं साधारण सभाको सभापतित्व ग्रहण गरी कम्पनी सचिवले अध्यक्षको आज्ञाले साधारण सभाको कार्यक्रम अघि बढाउनु भयो ।



CamScanner

७. सभाको सभापतित्व:

सभाको वैधानिकता पुरा भएपछि कम्पनी ऐन २०६३ को दफा ७४ बमोजिम र बैंकको नियमावलीको नियम ६ अनुसार यस बैंकको सचालक समितिका अध्यक्ष डा.श्री जैनुद्दीन अंसारी ज्यूले १८ औं वार्षिक साधारण सभाको सभापतित्व गरिदिनुहुन कम्पनिका शेयर धनी ज्यूहरुले आग्रह गर्नु भयो र संचालक समितिका अध्यक्ष ज्यूले आग्रहलाई स्वीकार गरी सभाको सभापतित्व गर्नु भयो ।

८. सभाको उद्घाटन र सभा संचालन :

बैंक सचालक समितिका अध्यक्षले बैंकको १८ औं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण तथा आशन ग्रहण पश्चात कार्यतालिका अनुसार उद्घोषकले बैंकका अध्यक्ष श्री डा जैनुद्दीन अंसारीलाइ पानसमा बत्तिबाली अठाह्रौं वार्षिक साधारण सभाको विधिवत उद्घाटन गरिदिन गर्नु भएको अनुरोध बमोजिम नै अध्यक्षज्यूलाई सम्पुर्ण संचालक ज्युहरुले समेत उठेर साथ दिनु भएकोमा अध्यक्ष ज्यूले पानसको बत्तिबाली अठाह्रौ वार्षिक साधारण सभाको विधिवत शुरुआत गरि औपचारीक रुपमा सभा आरम्भको घोषणा गर्नुभयो । त्यपछि अध्यक्ष श्री डा. जैनुद्दीन अंसारी लगायत सम्पूर्ण संचालकज्यूहरुलाइ फुलको गुच्छाले स्वागत गर्ने कार्यक्रम अनुसार बैंकको प्रमुख कार्यकारी अधिकृत श्री लाल बहादुर थिङले श्री डा जैनुद्दीन अंसारी लगायत सम्पूर्ण संचालकज्यूहरुलाई फुलको गुच्छाले डयासमा स्वागत गर्नु भयो । त्यपछि कार्यक्रमका सभापति ज्यूको निर्देशानुसार कम्पनी सचिवले सभा संचालन गर्नु भयो र अठाह्रौ वार्षिक साधारण सभामा उपस्थित महानुभावलाई स्वागत गरि-स्वागत मन्तव्य दिने कार्यक्रम बमोजिम बैंकका प्रमुख कार्यकारी अधिकृत श्री लालबहादुर थिङले अठाह्रौ वार्षिक साधारण सभामा शेयर धनी तथा उपस्थित महानुभावलाई स्वागत गर्नु भयो ।

९. अठाह्रौ वार्षिक प्रतिवेदन तथा वित्तिय विवरणको प्रस्तुति:

सभाका सभापतिज्यूले संचालक समितिको तर्फबाट कम्पनिको अठाह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/०८२ को नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरण र अनुसुचीहरु त्था सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफका लागि प्रस्तुत गर्नुभयो ।

१० उदघोषक ज्यूले बैंकका संचालक श्री म.बसरुद्दीन अंसारीलाई आफ्नो व्यक्तिगत र संचालक समितिको तर्फको धारणा राखि दिन अनुरोध गर्नु भयो । उपरोक्त सन्दर्भमा संचालक श्री बसरुद्दीन अंसारीले बैंक व्यवस्थापनलाई सफल साधारण सभाको लागि धन्यवाद दिनुको साथै व्यवस्थापनलाई संचालक समितिबाट हरतरहको सहयोग, समर्थन रहने र यस मधेश प्रदेशमा अथाह सम्भावना रहेकोले यस प्रदेशमा उत्कृष्ट परफरमेन्स दिनु पर्ने बताउनु भयो भने उपस्थित सबैमा र सबै सरोकारवालाहरुको सहयोगको लागि धन्यवाद दिनुको साथै बैंकको संक्षिप्त प्रगति र योजनाको सम्बन्धमा प्रकाश पार्नु भयो ।

११. छलफलका लागि आव्हान

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषयसुची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (६) बमोजिम सभापति ज्यूले संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/०८२ को नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरण र अनुसुचीहरु तथा सभामा प्रस्तुत बिषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, बिचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।



CS CamScanner

१२. छलफलमा सहभागी भएका शेयरधनीहरु तथा [illegible] व्यक्त गरेको धारणाको संक्षिप्त विवरण:

संचालक समितीको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन, नाफा नोक्सान, वासलात तथा नगद प्रवाह विवरण उपर शेयरधनीहरु बीच छलफल गरी सभालाई राय सुझाव व्यक्त गर्न आव्हान भए अनुसार निम्न शेयरधनीहरुले आफ्नो राय तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो ।

(क) श्री बैजुनाथ शैनियार

- कर्पोरेट डेभलपमन्ट बैंक लि.को १८ औ वार्षिक साधारण सभामा संचालक समितिका अध्यक्ष ज्यू तथा संचालक समितिका सदस्य ज्यूहरु, श्री प्रमुख कार्यकारी अधिकृत ज्यू, श्री कम्पनि सचिव ज्यू, तथा सम्पूर्ण कर्मचारीहरु र शेयरधनी दाजुभाइ तथा दिदी बहिनीहरुमा नमस्कार छ । बैंकले लाभांश नदिदा दुखेसो पोख्दै बैंकले निष्कृय कर्जालाई व्यवस्थापन गर्दै संचित मुनाफामा वृद्वि गर्नु पर्नेमा जोड दिनु भयो । यस बैंकलाई सबल र विश्वानीय बनाउन नयाँ आवश्यक प्रविधि, जोखिम व्यवस्थापन, कर्मचारी व्यवस्थापनको महत्वपूर्ण भुमिका रहने र व्यवस्थापन तथा कर्मचारीहरुले सुदृढ तथा उत्कृष्ट सेवा प्रदान गर्दै अधि बढ्न सुझाव दिनु भयो । बैंकले आफ्नो शाखा सर्लाहीको बरहथवा र महोत्तरीको बर्दीबासमा विस्तार गरी व्यावसाय विस्तार शुरु गरेकोमा खुशी व्यक्त गर्दै छिटै नै अन्य उपयुक्त ठाउँहरुमा शाखा विस्तार गरी शाखा संजाल तथा व्यवसाय विस्तार गर्नेमा बैंक व्यवस्थापन तथा संचालक समितिबाट विश्वस्त रहेको राय दिनु भयो । बैंकको सामान्य प्रस्ताव र विशेष प्रस्ताव पेश गरेको साथै बैंकले संस्थापक शेयरको १० प्रतिशत सर्वसाधारण शेयरमा परिणत गर्न लागेकोमा उक्त प्रस्तावहरुमा आफ्नो पूर्ण सहमति रहेको जानकारी गराउनु भयो ।

(ख) श्री सुरज भण्डारी

- उपस्थित सबैलाई सम्बोधन गर्दै संचालक समिति, व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिदै बैंकको आ.व.२०८१/०८२ को वासलातमा बैंक घाटामा रहेको प्रति चासो व्यक्त गर्नु भयो र बैंकले शेयर धनीहरुलाई विगत वर्षदेखि कुनै किसिमको लाभांश वितरण नगरेकोले बैंकको व्यावसाय विस्तारमा ध्यान दिन व्यवस्थापनलाई ध्यानाकर्षण गराउदै अगामी दिनमा अन्य बैंक सरह लाभांश तथा प्रतिफल दिने अवस्थामा पुऱ्याउन बैंक व्यवस्थापन तथा संचालक समितिबाट विश्वस्त रहेको राय दिनु भयो । बैंकले संस्थापक शेयरको १० प्रतिशत सर्वसाधारण शेयरमा परिणत गर्दा हालका संचालकहरु आफ्नो शेयर बिक्री गरी बैंकलाई लवारिस पारेर नजानु होला भनि अनुरोध गर्नु भयो ।

(ग) श्री अनिल कुमार तुलस्यान

- उपस्थित सबैलाई सम्बोधन गर्दै साधारण सभा समयमै गर्न सफल भएकोमा संचालक समिति, व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिदै यस बैंकले छिटै नै आफ्नो शाखा सर्लाहीको बरहथवा र महोत्तरीको बर्दीबासमा विस्तार गरी व्यावसाय विस्तार गरेकोमा खुशी व्यक्त गर्दै अन्य उपयुक्त ठाउंहरुमा शाखा विस्तार गरी शाखा संजाल तथा व्यवसाय विस्तार गर्नेमा बैंक व्यवस्थापन तथा संचालक समितिबाट विश्वस्त रहेको राय दिनु भयो । त्यस्तै बैंकको निष्कृय कर्जा र संचित मुनाफा ऋणात्मक रहेकोमा अगामी दिनमा सुधार गर्दै शेयर धनीहरुलाई लाभांश वितरण गर्न सक्ने स्थितिमा



CamScanner

ल्याउन व्यवस्थापनलाई सुझाव दिनु भयो । [illegible] बैंकले संस्थापक शेयरको १० प्रतिशत सर्वसाधारण शेयरमा परिणत गर्न लागेकोमा संचालक समिति तथा व्यवस्थापन समितिलाई धन्यवाद दिनु भयो ।

(घ) श्री प्रवेश खनाल

- उपस्थित सबैलाई सम्बोधन गर्दै संचालक समिति, व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिंदै बैंकको आ.ब.२०८१/०८२ को वासलातमा बैंक घाटामा रहेको प्रति चासो व्यक्त गर्नु भयो र बैंकले शेयर धनीहरुलाई कुनै किसिमको लाभांश वितरण नगरेकोमा बैंकको व्यावसाय विस्तारमा ध्यान दिन व्यवस्थापनलाई ध्यानाकर्षण गराउदै अगामी दिनमा अन्य बैंक सरह लाभांश तथा प्रतिफल दिने अवस्थामा पुर्‍याउन बैंक व्यवस्थापन तथा संचालक समितिबाट विश्वस्त रहेको राय दिनु भयो ।

**१३. शेयरधनीहरुको राय सुझाव उपरको प्रत्यूत्तर:**

यस कर्पोरेट डेमलपमन्ट बैंक लि.को संचालक समितीको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नु भएको आ.व. २०८१/०८२ वार्षिक प्रतिवेदन तथा लेखा परीक्षकको प्रतिवेदन सहितको नाफा नोक्सान, वासलात तथा नगद प्रवाह विवरण उपर शेयरधनीज्यहरुबाट प्रस्तुत गर्नु भएको राय सल्लाह सुझाव जिज्ञासाको लागि धन्यवाद दिनु हुँदै यस बैंकका अध्यक्ष ज्यूले शेयरधनीज्युहरुबाट राख्नु भएको जिज्ञासा, प्रश्नहरुको प्रत्यूत्तर लगायतको विषयमा राय दिनु भयो । सर्वसाधारण समुहका शेयरधनीले बैंकको संस्थापक शेयरको १० प्रतिशत सर्वसाधारण शेयरमा परिणत गर्दा हालका संचालकहरु आफ्नो शेयर बिक्री गरी बैंकलाई लवारिस पारेर नजानु होला भनि गरेको अनुरोधमा संस्थापक शेयरमा साधारण शेयरमा परिणत हुदैमा साधारण शेयर धनीहरुलाई कुनै असर पर्दैन । संस्थापक शेयरहरुलाई अझ यस बैंकमा लगानी गर्न सुझाव समेत दिनु भयो ।

**१४. सभाको निर्णय :**

**(क) सामान्य प्रस्तावहरु**

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको पस्तुत गर्ने भएको आ.ब.२०८१/०८२ को बार्षिक प्रतिवेदन उपर विस्तृत छलफल गरी पारित गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८१/०८२ को नाफा नोक्सान, वासलात तथा नगद प्रवाह निर्णयलाई अध्यक्ष ज्यूले सभा समक्ष प्रस्तुत गर्नु हुदा लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८१/०८२ को नाफा नोक्सान, वासलात तथा नगद प्रवाह विवरण सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस बैंकको आ.ब. आ.ब.२०८२/०८३ बैंकको बाह्य तथा करको लेखापरीक्षण र दफा ७८ तथा LFAR प्रमाणि गर्न लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा छलफल हुदा कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६४ अनुसार बैंकको लेखापरिक्षण समितिको सिफारिस भएका तथा विभिन्न बैंक तथा वित्तिय संस्था यस बैंकको आ.ब.२०८१/०८२ को समेत अडिट गरिसकेका चार्टर्ड एकाउन्टेट श्री देवकी बिजय एण्ड कम्पनी, काठमाडौलाई लेखा समितिको सिफारिस अनुरुप रु.३७०,०००। (कर बाहेक) पारिश्रमिक दिने गरि सभाले लेखा परिक्षकमा नियुक्त गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव:**

१) विशेष प्रस्ताव तर्फ आजको यस अठाह्रौंवार्षिक साधारण सभामा कर्पोरेट डेभलपमेण्ट बैंक र अन्य बैंक वा वित्तिय सस्थाहरु एक आपसमा गाभ्ने, गाभिने वा प्राप्ति सम्बन्धमा बैंकको चल अचल सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याकन (Due Deligence Audit) गर्ने मान्यता प्राप्त मुल्यांकनकर्ता, लेखापरिक्षक नियुक्त गर्ने , निजको पारिश्रमिक तोक्ने र गाभ्ने, गाभिने वा प्राप्ति सम्बन्धि समझदारीपत्र (Momorandom of Understanding) तर्जुमागर्ने र अन्य प्रक्रिया पुरागरी एक आपसमा गाभ्ने, गाभिने वा प्राप्ति गर्ने (Merger or Aquasition) सम्बन्धिकार्य पुरा गर्ने, एकआपसमा गाभिने (Merger) सग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियारप्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउन संचालक समितिलाइ पुर्ण अख्तियारी दिने सम्बन्धमा विशेष प्रस्ताव पेश भई सो विषयमा सभामा छलफल गर्दा सबैले ताली बजाएर सो प्रस्ताव स्वीकृत भयो ।

२) यस बैंकको हाल कायम रहेको जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयरधनी समुहको र ३० प्रतिशत सर्वसाधारण शेयरधनीको स्वामित्व रहेकोमा संस्थापक शेयरधनीको पूँजीको संरचना परिवर्तन गरी संस्थापक समुहको शेयर स्वामित्व ६० प्रतिशत र सर्वसाधारण समुहको ४० प्रतिशत हुने गरी नेपाल राष्ट्र बैंकको मिति २०८१/०१/०७ गतेको सहमति बमोजिम बैंकको प्रबन्धपत्रको दफा ५ ङ (१) र (२) मा संशोधन गर्न प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा विशेष प्रस्तावहरु तपसिल बमोजिम पेश भई सो विषयमा सभामा छलफल गर्दा उक्त प्रस्ताव पारित गर्ने निर्णय भयो ।

## कर्पोरेट डेभलपमेण्ट बैंक लि.
## बीरगंज, पर्सा
### प्रबन्धपत्र सम्बन्धी बिशेष प्रस्तावित संसोधित विवरण

**प्रबन्धपत्र**

| क स | हालको व्यवस्था | ससोधित व्यवस्था | परिवर्तन गर्नुको कारण |
|---|---|---|---|
| १ | दफा ५ ङ (१) र (२)<br>यस डेभलपमेण्ट बैंकको पूँजी संरचना संस्थापक समुहको शेयर ७० प्रतिशत र सर्वसाधारण समुहको शेयर ३० प्रतिशत हुनेछ। | दफा ५ ङ (१) र (२)<br>यस डेभलपमेण्ट बैंकको पूँजी संरचना संस्थापक समुहको शेयर ६० प्रतिशत र सर्वसाधारण समुहको शेयर ४० प्रतिशत हुनेछ। | यस डेभलपमेण्ट बैंकको पूँजी संरचना संस्थापक समुहको शेयर ६० प्रतिशत र सर्वसाधारण समुहको शेयर ४० प्रतिशत कायम गर्न नेपाल राष्ट्र बैंकको मिति २०८२/०१/०७ गतेको पूर्व सहमतिको पत्र बमोजिम हाल कायम रहेका संस्थापक शेयर धनीको १० प्रतिशत शेयरलाई सर्वसाधारण शेयरमा परिवर्तन गर्न। |

३) संचालकहरुको वैठक भत्ता तथा सञ्चार सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको दफा २९ (ख) मा संसोधन गरी स्वीकृत गर्ने सम्बन्धमा तपसिल बमोजिम पेश भई सो विषयमा सभामा छलफल गरी पारित गरियो।



CamScanner

## कर्पोरेट डेभलपमेण्ट बैंक लि.
## वीरगंज, पर्सा
### नियमावली सम्बन्धी विशेष संसोधन विवरण

नियमावली

| क्र स | हालको व्यवस्था | संसोधित व्यवस्था | परिवर्तन गर्नुको कारण |
|---|---|---|---|
| १ | दफा २९ (ख)<br>सचालक समितिको बैठकमा उपस्थित भए बापत सचालक समितिले तोके बमोजिम अध्यक्षलाई बढीमा ६,०००/- र सचालकलाई ५,०००/- बैठक भत्ता दिइनेछ । | दफा २९ (ख)<br>सचालक समितिको बैठकमा उपस्थित भए बापत सचालक समितिले तोके बमोजिम अध्यक्षलाई रु १२,०००/- र सचालकलाई रु १०,०००/- बैठक भत्ता दिइनेछ । | समय अनुकुल सचालकहरुको सुविधा बढाउन आवश्यक भएकोले । |
| | | सचालक समितिको अध्यक्ष तथा सचालकहरुलाई सचार खर्च बापत प्रत्येक महिना रु २,०००/- को दरले दिइनेछ। | समय अनुकुल सचालकहरुको सचार खर्च सुविधा थप्न आवश्यक भएकोले । |

४. यस बैकको प्रवन्धपत्र र नियमावलीमा गरिने संसोधनमा नियमकारी निकायबाट कुनै संसोधन वा फेरबदल वा परिमार्जनको लागि निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्नका लागि सचालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मत पारित भयो ।

ग   विविध ।

१ वार्षिक साधारण सभाको माइन्युट प्रमाणित गर्न अध्यक्ष र कम्पनि सचिवले प्रमाणित गर्ने विषय उपर छलफल भई सभाबाट स्वीकृत भयो ।

२ त्यसै यस अठाहौ बार्षिक साधारण सभामा संस्थाको स्वतन्त्र सचालक श्री श्याम कुमार ठाकुरको ४ वर्ष कार्यकाल समाप्त पश्चात उक्त रिक्त पदमा सञ्चालक समितिको मिति २०८१/१/२८ को १२ औं बैठकले श्री कृष्ण थापालाई स्वतन्त्र सञ्चालक पदमा नियुक्त गरेकोमा स्वतन्त्र सचालक नियुक्तिलाई साधारण सभाबाट अनुमोदनको लागि पेश सो प्रस्ताव सभाबाट अनुमोदन भयो ।

३ उपरोक्त बाहेक अन्य कुनै प्रस्ताव न आएकोले सो पश्चात उदघोषक ज्युले बैंकका संचालक अध्यक्ष ज्युलाई उपस्थिति तथा आमन्त्रित महानुभावहरुलाई धन्यवाद ज्ञापन तथा सभा विसर्जनको लागि अनुरोध गर्नु भयो ।

**१५. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभामा अध्यक्षज्यूले उपस्थित तथा आमान्त्रित महानुभावहरुलाई सहभागिताको लागि धन्यवाद दिनु हुँदै संक्षिप्त मन्तव्य, सुझाव तथा शेयरधनी महानुभावले गर्नु भएको चासो समेत समेटी शेयरधनीले संस्थालाई समय दिनु पर्ने, आज संस्थापक शेयर धनीहरुको लगानी र प्रतिबद्धताले समेत संस्थाको शेयर दोश्रो बजारमा उच्च रहेकोले बैंकका सर्वसाधारण शेयर धनीले यसबाट राम्रो लाभ लिनु भएको



CamScanner

वा लिन सक्ने स्थित बनेको र यसले बैंकले गरेको प्रगतिको संकेत गरेको र बढ्दो शेयर मुल्यको कारण अन्य बैंकसंग मर्जरको कुरा गर्दा बैंकलाई फाइदा हुने स्थिति देखिएको, व्यवस्थापनले बिभिन्न काम कारवाहीमा थप चुस्तता देखाउन र शेयर धनीको आसामा खरो उत्रिन व्यापार बृद्धी र प्रतिफल बृद्धीमा लाग्न सुझाव दिनु भई सहभागीको चासो उचित रहेको धारणा राखनु भयो। त्यस्तै अध्यक्ष ज्यूले आजको यस अठाह्रौ वार्षिक साधारण सभामा पेश भएका छलफलका सम्पूर्ण विषयहरु उपर छलफल भई सम्पूर्ण विषय पारित गर्न सहयोग गर्नु हुने सम्पुर्ण शेयर धनीलाई धन्यवाद दिनु भई यस साधारण सभा सौहार्दपुर्ण वातावरणमा सफल पार्न पाल्नु भएका सम्पुर्ण अतिथि एवं शेयरधनी महानुभावहरु प्रति धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुवाट प्राप्त रचनात्मक सुझाव माग निर्देशनले आगामी दिनहरुमा यस बैंकको काम कारवाहीहरुलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सकिने विश्वासका साथ आजको यस वार्षिक साधारण सभा समापनको घोषणा गर्नु भयो।

उदय कुमार कामती
कम्पनी सचिव

CORPORATE DEVELOPMENT BANK LTD.
BIRGUNJ

डा. जैनुद्दीन अंसारी
अध्यक्ष

CamScanner